खण्डः २ , संख्याः १, मितिः २०७९ माघ १० गते।

# सिलीचोङ गाउँपालिका, संखुवासभा

# स्थानीय राजपत्र

खण्डः६, संख्याः १, मितिः २०७९/१०/१०

## भागः २

## बाली विज्ञान एम.एस.सी,एम.एस.सी.ए.जी शिक्षक प्रोत्साहन रकम सम्बन्धी कार्यविधि २०७९

जारी मितिः२०७९।१०।०३

स्वीकृत मितिः २०७९।१०।०४

**प्रस्तावनाः** सिलीचोङ गाउँपालिकामा रहेको बाली विज्ञान प्राविधिकधार भएको विद्यालयमा बाली विज्ञान विषयका शिक्षकहरू भौगोलिक विकटता र दूर दराजका कारण  शिक्षक व्यवस्थापन गर्न असहजतालाई सहजताका बनाउन साथै वाली विज्ञान विषयलाई प्रभावकारी कार्यान्वयनका लागि यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नामः **बाली विज्ञान एम.एस.सी,एम.एस.सी.ए.जी शिक्षक प्रोत्साहन रकम कार्यविधि, २०७९** रहेको छ ।

१.२  कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **'कार्यविधि'** भन्नाले सिलीचोङ गाउँपालिकाको **बाली विज्ञान शिक्षक प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९** सम्झनु पर्दछ ।

(ख) **'बाली विज्ञान MSC, MSCAG'** भन्नाले प्राविधिक धार सञ्चालित विद्यालयका बाली विज्ञान विषयका माध्यमिक तह द्वितीय श्रेणी वा सो सरहका शिक्षकहरूलाई जनाउँदछ ।

(ग) **'बाली विज्ञान संयोजक'** भन्नाले प्राविधिक धार सञ्चालित विद्यालयका बाली विज्ञान विषय क्षेत्रको संयोजक भन्ने बुझाउँछ ।

(घ) **'मूल्यांकन फारम'** भन्नाले अनुसूचीः १ बमोजिमको फारम भन्ने सम्झनु पर्दछ ।

(ङ) **'प्रोत्साहन रकम'** भन्नाले अनुसूचीः १ बमोजिमको फारमको आधारमा दफा ३ बमोजिम उपलब्ध गराईने रकम भनेर बझ्नु पर्दछ ।

## परिच्छेद-२

३. **प्रोत्साहन रकम र भुक्तानी सुरू मितिः**

३.१ देहाय बमोजिम मासिक रूपमा प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

(क) अनुसूचीः १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ८०-१०० भएमा मासिक तलब स्केलको १५ प्रतिशत

(ख) अनुसूचीः १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ६०-७९ भएमा मासिक तलब स्केलको १० प्रतिशत

(ग) अनुसूचीः १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ४०-५९ भएमा मासिक तलब स्केलको ५ प्रतिशत

(घ) अनुसूचीः १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ४० भन्दा कम भएमा प्रोत्साहन रकम उपलब्ध हुने छैन ।

३.२ यस कार्य विधि अनुसारको प्रोत्साहन रकम बाली विज्ञान संयोजक, MSC, MSCAG' पद तथा तहको दरबन्दीमा रहेका शिक्षकहरूलाई प्रदान गरिनेछ ।

३.३ यस कार्य विधि अनुसारको रकम एक आ.व. मा बढीमा १० महिनाको प्रदान गरिनेछ ।

४. **मूल्याङ्कनको विधिः**

४.१ विद्यालयका बाली विज्ञान विषयका माध्यमिक तह द्वितीय श्रेणी वा सो सरहका शिक्षकहरूले नियमित तथा प्रभावकारी काम गरको, सो पदको जिम्मेवारी भन्दा अतिरिक्त जिम्मेवारी वहन गरेको जस्ता विषयहरूलाई आधार मानी उप दफा ४.२ बमोजिमका पदाधिकारीहरूले मासिक रूपमा एकमुष्ट अनुसूची १ बमोजिम मूल्याङ्कन गरिनेछ ।

४.२ **मूल्याङ्कन गर्ने पदाधिकारीहरूः**

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- ५० प्रतिशत

(ख) विद्यालय प्रधानाध्यपक-५० प्रतिशत

५. **खारेजी र बचाउः** हालसम्म भुक्तानी भएका सबै प्रकारका अतिरिक्त सुविधा यसै कार्य विधि बमोजिम भुक्तानी भएको मानिनेछ ।

## अनुसूची १

दफा २. को उपदफा २.१ खण्ड (ग) र (घ) बमोजिमको मूल्याङ्कन फारम

शिक्षकको नाम: पदः

स्थायी ठेगाना: सम्पर्क नम्बर:

आर्थिक वर्ष: मूल्याङ्कन गरिएको महिना:

विद्यालयको नाम: विद्यालयको छाप:

विद्यालयको ठेगाना:

| क्र.स | मूल्याङ्कन कर्ताको नाम | मूल्याङ्कन कर्ताको पद | मूल्याङ्कन अङ्कभार | प्रदान गरेको अङ्क | मूल्याङ्कन कर्ताको दस्तखत |
|---|---|---|---|---|---|
| १ | | वि.व्य.स अध्यक्ष | ५० | | |
| २ | | प्रधानाध्यपक | ५० | | |

आज्ञाले,
नामः भद्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका